बर्ष १५ अंक ७८ २०७९ चैत २४ गते शुक्रबार TANAHUN UDGHOSH DAILY April 07, 2023 मुल्य रु.५ पृष्ठ संख्या ४

निष्पक्ष खबरहरुको संगालो

# तनहुँ उद्घोष

राष्ट्रिय दैनिक

THE TANAHUN UDGHOSH NATIONAL DAILY




## गण्डकीका मुख्यमन्त्रीको रणनीति : विश्वासको मत लिने समय सकिनुअघि राजीनामा

**अमृत सुवेदी**

**काठमाडौं, २३ चैत ।**

माओवादी केन्द्रले समर्थन फिर्ता लिएर दुई मन्त्रीलाई राजीनामा गराएपछि मुख्यमन्त्री खगराज अधिकारी नेतृत्वको सरकार ९ चैतमै अल्पमतमा पर्‍यो। त्यसको भोलिपल्टै मुख्यमन्त्रीको दाबेदार नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले मुख्यमन्त्रीको राजीनामा मागे । तर मुख्यमन्त्री अधिकारीले न राजीनामा दिए, न विश्वासको मत नै लिएका छन् ।

सरकारबाट कुनै दलले समर्थन फिर्ता लिए एक महिनाभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार वैशाख ८ गतेभित्र मुख्यमन्त्री अधिकारीले प्रदेशसभामा आफूलाई परीक्षण गर्नुपर्छ। मुख्यमन्त्री अधिकारीले संसदबाट विश्वासको मत पाउने अवस्था छैन। २२ सिट जितेको एमालेलाई २ सिट जितेको राप्रपाको साथ छ। किनकी २७ सिट जितेको कांग्रेस र ८ सिट जितेको माओवादी मिल्नासाथ प्रदेशसभा (६०) मा दुई दलको प्रष्ट बहुमत पुग्छ । त्यसलाई बुझेका मुख्यमन्त्री अधिकारीले ३० दिन पुग्ने असपासमा मात्र सरकार छाड्ने मनस्थिति बनाएका छन् ।

मुख्यमन्त्री अधिकारीलाई यतिबेला विभिन्न कार्यक्रम उद्घाटन, शिलान्यास र प्रमुख अतिथि भएर जान भ्याइनभ्याइ छ । प्रदेशसभााबाट विनियोजन ऐन संशोधन गराएरै गैरबजेटरी विनियोजनलाई वैधानिकता दिएका अधिकारीले आफ्नो योजनामा बजेट हाल्नेदेखि केही कार्यक्रम कार्यान्वयन गर्न पनि लागि परिरहेका छन् ।

अघिल्लो सरकारको विवादास्पद निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमको नाम परिवर्तन भई पूर्वाधार विकास कार्यक्रमको कार्यविधि निर्माण गरेर संसदका योजनामा प्रत्येक निर्वाचन क्षेत्रमा २ करोड जाने कार्यक्रम कार्यान्वयन प्रक्रियामा अगाडि बढिसकेको छ । प्रत्येक निर्वाचन क्षेत्रमा ५० लाख रुपैयाँको एक निर्वाचन क्षेत्र, एक कृषि सडक पनि कार्यान्वयनमा लैजाँदैछन् ।

माओवादी केन्द्रबाट मन्त्री भएका हरिबहादुर चुमानले राजीनामा दिएपछि खाली भएको भौतिक पूर्वाधार मन्त्रालयमै पुगेर मुख्यमन्त्री अधिकारीले आफ्ना योजनामा रकमान्तर गर्ने कसरत गरेका छन्। तर सरकार अल्पमतमा परिसकेकाले रकमान्तर पछि समस्या पर्ने भएकाले भावी मुख्यमन्त्रीका रुपमा हेरिएका प्रतिपक्षी दलका नेता सुरेन्द्रराजसँग सहमति गरेरमात्र अघि बढ्न सुझाव दिएका छन् । 'जाँदाजाँदै वार्षिक कार्यक्रम बाहेकका योजनामा बहुवर्षीय ठेक्कामा लैजाँदा पछि समस्या आउने भएकाले कर्मचारी सकरात्मक छैनन्,' एक अधिकृतले भने ।

कांग्रेसले पनि मुख्यमन्त्री अधिकारीलाई दायित्व थपिने गरी बहुवर्षीय आयोजनाको ठेक्का नलगाउन भनेको छ । 'अल्पमतको सरकारले कुनै पनि दायित्व थपिने गरी दीर्घकालीन योजनामा बजेट नहाल्न भनेका छौं,' कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले भने, 'तर मुख्यमन्त्रीले जोडबल गरिएको सूचना हामीले पनि पाएका छौं ।' विकासे मन्त्रालयका एक अधिकृतका अनुसार सुरुमा मुख्यमन्त्री अधिकारी आलोचना हुने र पछि पनि प्रश्न उठ्ने खालको कुनै पनि काम नगर्ने पक्षमा थिए। तर अहिले भने विकास जनताकै निम्ति हुन्छ भन्दै बजेट रकमान्तर गर्न लागिपरेका छन् । मुख्यमन्त्री अधिकारी भने नीति विपरीत कुनै पनि काम नगरेको बताउँछन् । 'कानुनले दिएको काम सरकारले गर्छ, नीतिगत आधारमा टेकेर किन गरिस् भन्न पाइँदैन,' अधिकारीले भने । स्रोतका अनुसार विश्वासको मत लिनुपर्ने मितिभन्दा ठिक अगाडिमात्र राजीनामा



दिने रणनीतिमा मुख्यमन्त्री अधिकारी छन् ।

मुख्यमन्त्री अधिकारी यतिबेला प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने दिगो विकास लक्ष्य निर्देशक समिति र राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औं बैठकमा सहभागी हुन काठमाडौं छन् । उनले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग पनि छलफल गर्ने कार्यक्रम रहेको उनी निकट स्रोतले बतायो । 'सरकारबाट बाहिरिने सन्दर्भमा मुख्यमन्त्रीले पार्टी अध्यक्षसँग पनि छलफल गर्नु हुनेछ,' अधिकारी निकट स्रोत भन्छ, 'संसदमा विश्वासको मत नजित्ने भएकाले ८ गते राजीनामा दिने गरी छलफल पनि भइरहेको छ।'

संविधानको धारा १६८ (२) को सरकार नरहेपछि स्वतः उपधारा ३ बमोजिम सबभन्दा ठूलो दलको हैसियतले आफ्नो नेतृत्वमा सरकार बन्नेमा कांग्रेसका सुरेन्द्रराज ढुक्क छन् । तर माओवादी केन्द्रले पनि मुख्यमन्त्रीमा दाबी गरिरहेको छ। १६८ (२) बमोजिम बनेको सरकार ढले पनि दुई वा दुईभन्दा बढी दल मिलेर अर्को सरकार बन्ने सम्भावना रहने माओवादी नेताहरु बताउँछन्। *(अनलाइनखबर)*

- सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं।
- भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं।
-सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं।
- अनधिकृतरुपमा सूचना प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## धूमपान तथा सुर्तिजन्य पदार्थबाट टाढै बसौ ! आफू बाँचौं र अरुलाई पनि बचाऔं !!

**धूमपान भनेको के हो ?**

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो । चुरोट, बिँडी तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो ।

- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्व पाइन्छन् । तीमध्ये ६९ भन्दा बढी तत्वले क्यान्सर गराउँछ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा पुर्ण असर**

- मुख, फोक्सो, पेट, फियों, आन्द्रा, मुत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ ।

- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने मुत बच्चा जन्मने आदि गराउँछ ।

- धूमपानको धुँवाले धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ । नजिक बसेकै कारणले विश्वमा वर्षेनी ६ लाख मानिसको मृत्यु हुने गरेकोछ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय**

- साथीभाइको लहैलहैमा नपरी ।

- दीर्घकालीन असरको मनन गरी कुलतमा नफलौं ।

- धूम्रपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं ।

- सार्वजनिक स्थलमा धूमपान नगरौं ।

- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं ।

**जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र**

**दुलेगौडा, तनहुँ**

**फोन नं: ०६५-५७०४५५/५७०३५५**

**इमेल**:gpkoirala04@gmail.com

www.gprespiratory.org

तनहुँ उद्घोष
राष्ट्रिय दैनिक

# सम्पादकीय

## नैतिक शिक्षा

नैतिक शब्दको अर्थ सुविचारशील, सद्विचार, सद्भाव वा सदाचारको नियम भन्ने हुन्छ। नैतिकता भनेको नीतिसहितको व्यवहार आउनु हो। हाम्रो समाजका हरेक क्षेत्रमा नैतिकताको ठूलो अभाव छ। नैतिक व्यवहारको अभावमा समाजमा सद्भाव र सुविचारको कमी हुँदै गएको अवस्था अनुभूति भएको छ। देशको समृद्धीका लागि आम नागरिकहरू अनुशासित, मदार्दित, कर्मशील तथा कर्तव्यनिष्ठ हुन आवश्यक हुन्छ। समाजका व्यक्ति, व्यक्तित्व तथा राज्यका हरेक निकायमा अनुशासन, जवाफदेहिता, पारदर्शिता, जिम्मेवारीबोधका लागि नैतिक शिक्षा आवश्यक छ।

साािजिक सद्भाव र देश विकासका लागि समाजका हरेक नागरिकहरू अनुशासित, मयार्दित, कर्मशील तथा कर्तव्यनिष्ठ हुन आवश्यक छ। यसर्थ समाजका व्यक्ति, व्यक्तित्व तथा राज्यका हरेक निकायमा अनुशासन, जवाफदेहिता, पारदर्शिता र जिम्मेवारीबोधका लागि नैतिक शिक्षा आवश्यक छ। नैतिक शिक्षाले व्यक्तिलाई जन्म दिने माता, पिता र शिक्षा दिने गुरुजन र समाजका मान्यजनहरूको आदेश र उपदेशलाई शिरोधार्य गर्न सक्ने सकारात्मक सोचको विकास गर्न सहयोग गर्दछ। ठूलालाई इज्जत, सानालाई माया, सहिष्णु आचरण, लोककल्याणकारी चिन्तनको विकासमा नैतिक शिक्षाको ठूलो भूमिका हुन्छ। आफ्नो भाषा, संस्कृति, धर्म, परम्परागत सामाजिक मूल्य र मान्यताप्रतिको सकारात्मक सोचको विकास गराउन तथा समाजमा रहेका भिन्न धार्मिक एवं सांस्कृतिक सम्प्रदायका मूल्य र मान्यताप्रति सहानुभूति राख्न सक्ने चिन्तनका दायराहरू फराकिलो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ। हाम्रो समाज पूर्वीय मूल्य र मान्यताबाट प्रशिक्षित छ। वैदिक कालमा शिक्षाको सम्पूर्ण गतिविधि गुरुमा निहित थियो। गुरु र ऋषिमुनि समाजका नेतृत्व वर्ग मानिन्थे। समाजमा नैतिक व्यवहार एवं आत्मअनुशासन उच्च थियो। समयको विकाससँगै शिक्षा ऋषिकुल, देवकुल, पितृकुल, राजकुल र गुरुकुल हुँदै विद्यालय शिक्षाको अवस्थामा आइपुग्दा शिक्षामा नैतिकता, जनहितकारी संस्कार र कर्तव्यबोधजस्ता मानवीय गुणहरूको सिकाइ कमजोर बन्दै गएको अग्रज पुस्ताको ठम्याइ छ। यस सन्दर्भमा व्यक्ति तथा समाजलाई आदर्शवान बनाउन नैतिक शिक्षाको विषयवस्तुलाई घर, परिवार तथा शिक्षण संस्थाहरूले महत्त्व दिन आवश्यक ठानिन्छ।

नैतिक शिक्षाको कमीले अहिले समाजमा अपराधीकरण बढ्दै गइरहेको छ। साइबर अपराध, मादक पदार्थ दुर्व्यसनी, धुमपानजस्ता कुलतमा लाग्ने बालबालिकाको संख्यामा व्यापक वृद्धि भइरहेको तथ्यांक छ। त्यसैले, समाजका बालबालिकालाई कुलत र जोखिमबाट जोगाउन उचित मार्गनिर्देश गर्ने प्राथमिक दायित्व अभिभावक, समुदाय तथा शिक्षालयहरूको हो। व्यक्तिलाई अनुशासित, मयार्दित, सहिष्णु, कर्तव्यनिष्ठ, परोपकारी तथा सांस्कारिक बनाउनका लागि घर, परिवार, शैक्षिक संस्थालगायत राज्य गम्भीर हुन आवश्यक छ।

## पाठकहरूमा अनुरोध

**तनहुँ उद्घोष** दैनिकका लागि विचारोत्तेजक लेख रचना उपलब्ध गराउनुहुन साथै **तनहुँ उद्घोष दैनिक** तपाईलाई कस्तो लाग्यो ? टिप्पणी तथा पाठक प्रतिक्रिया पठाउनको लागि अनुरोध गर्दछौं।

**प्रतिक्रिया र सुझावको लागि तनहुँ उद्घोष दैनिकको कार्यालयमा ब्यास-०२ प्रशासन चोक वा**

*Email-udghoshdaily@gmail.com*

*poudelujwal@gmail.com* मा

**पठाउन सक्नुहुने छ।**

# यसरी मात्र सफल हुन्छ पहिचानको आन्दोलन

**राजेन्द्र किराती**

नामाङ्कनको विषयलाई लिएर १ नम्बर प्रदेश उद्वेलित भएको छ। सभ्यताको आधारमा नाम राख्नु पर्नेमा प्रदेशसभाले एकाएक भौगोलिक आधारमा कोशी नाम राखेपछि १ नम्बर प्रदेशका बहुसङ्ख्यक नागरिक आन्दोलनमा उत्रिएका हुन्।

यसै सिलसिलामा चैत ५ गते विराटनगरमा विशाल विरोध प्रदर्शनसमेत भएको छ। यसले पहिचान विरोधीहरूलाई झस्काएको छ। यसमा उत्पीडित जातीय मोर्चा र संगठनहरु खुलेरै लागेका छन्। उनीहरूले कोशी नामलाई खारेज गरेर सभ्यतागत पहिचानको आधारमा यस प्रदेशको नाम किरात राख्नुपर्ने मागसहित आन्दोलनमा छन्। वस्तुतः नाम राख्ने दुइटा विधि छन्। एउटा प्रदेशसभामा दुई तिहाइ बहुमतको सहज गणितीय हिसाब-किताबबाट र अर्को जनसंघर्षबाट। अंकगणितीय कोणबाट नियाल्दा पहिलो विधिबाट नाम राख्ने सम्भावना समाप्त भइसकेको छ।

दोस्रो विधिको भने कुनै समय सीमा वा पाबन्दी देखिँदैन। तर पहिलो विधिबाट नाम राख्न जति सजिलो थियो, दोस्रो विधिबाट त्यति सहज छैन। किनभने पहिलो विधि भनेको शान्तिपूर्ण तरिका हो। यसमा पहिचान पक्षधर सांसदहरूको दुई तिहाइ बहुमत भए पुग्छ। जनआन्दोलनको विधि भनेको गर्दै भन्दै जाँदा अशान्तिपूर्ण पनि हुन सक्छ। यस्तो विधिबाट नाम उल्टाउनको लागि अब निर्णायक आन्दोलनको खाँचो पर्दछ, जुन सजिलो छैन। तथापि निर्णायक आन्दोलनको लागि तपसिल बमोजिमका संघर्षको प्रक्रिया अपनाउनु जरुरी देखिन्छ।

### *राजनैतिक दृष्टिकोणीय कमाण्ड*

कुनै पनि आन्दोलनले लक्षित उद्देश्य हासिल गर्न निश्चित राजनैतिक विचार, सिद्धान्त र दृष्टिकोणको कमाण्ड जरुरी हुन्छ। राजनैतिक कमाण्ड विनाको आन्दोलन दुई दिनको रामछाँया र औपचारिकतामा सीमित हुने खतरा रहन्छ। अर्थात् निश्चित राजनैतिक दृष्टिकोणले दिशानिर्देश नगरेको आन्दोलन सामान्य उभार र चर्चा-परिचर्चामा मात्र सीमित हुन्छ तर निर्णायक विन्दुमा पुग्न सक्दैन।

१ नम्बर प्रदेश अन्तरगत पहिचानको लागि जुन आन्दोलन भइरहेको छ, यसमा यो वा त्यो राजनैतिक दृष्टिकोणद्वारा निर्देशित आन्दोलन भन्ने वस्तुगत आधार पाइँदैन। सबैले अमुक पहिचान भन्दै दगुरेको देखिन्छ। यस्तो गोलमटोल र भजमने रवैयाले आन्दोलनलाई परिपक्व बनाउने, खार्ने र लक्षित गन्तव्यमा पुऱ्याउने वा सफल बनाउने सम्भावना असाध्यै कम रहन्छ।

वास्तवमा आन्दोलनरत पक्षमा संघीयता के हो ? यस अन्तरगत पहिचान के हो ? यसको सैद्धान्तिक र व्यवहारिक कार्यान्वयन कुन राजनैतिक विचारबाट मात्र सम्भव हुन्छ वा प्राकृतिक हुन्छ ? संघीयता र पहिचानको उठान कसले र कहाँबाट आरम्भ भयो। यस्ता एजेण्डाहरुको सुरक्षा र संस्थागत विकासको लागि कस्तो राजनैतिक वातावरण आवश्यक हुन्छ ? यो किसिमको आधारभूत सैद्धान्तिक ज्ञान वा सुझबुझ आन्दोलनरत पक्षमा देखिँदैन।

यसरी सैद्धान्तिक दृष्टिकोणमा स्पष्ट नभई गरिएको जुनकुनै पनि आन्दोलन सफल भएको विगतको इतिहास छैन। यो चाहेर पनि केही दिनको माहौल तताइ र मिडिया प्रचारबाजीमा मात्र सीमित हुन पुग्दछ। त्यसैले, पहिचानको आन्दोलनलाई सफल बनाउने हो भने राजनैतिक दृष्टिकोणीय दिशानिर्देश स्पष्ट गर्नु पर्दछ। सबैलाई दृष्टिकोणीय लगामभित्र संगठित गर्दै आन्दोलनमा गोलबन्द गर्नु पर्दछ।

त्यस्तै, पहिचानलाई नेतृत्व प्रदान गर्ने वा स्थापित गर्ने राजनैतिक विचारद्वारा प्रशिक्षित गराउनु पर्दछ। राजनीति र पहिचान अन्तरसम्वन्धित




आयाम हुन् भन्ने सत्यबोध गराउनु पर्दछ। तब मात्र पेचिलो, गम्भीर र कठिन अवस्थामा समेत आन्दोलन पलायन, शिथिल र विसर्जन हुँदैन।

### *राजनैतिक पार्टीहरूको आधारभूत सिद्धान्त*

पछिल्लो समय पहिचानको मुद्दालाई विचार र सिद्धान्त शून्य अमूर्त मुद्दा बनाउने दिग्भ्रमजन्य रणनीति हाबी भइरहेको छ। उल्टो-सुल्टो जताबाट व्याख्या विश्लेषण गरे पनि मिल्ने जस्तो बनाउन खोजिएको छ। पश्चगामी, यथास्थितिवादी र क्रान्तिकारी सबैको साझा मुद्दामा दर्ज गर्न खोजिँदै छ। यसले सबैमा भ्रम सृजना गरेको छ। यो हामी तमाम उत्पीडित वर्ग तथा जातिहरूको लागि दुर्भाग्यको कुरा हो।

यही रणनीतिक गुरुमन्त्रको कारण जो कोही पनि कि त अमुक पहिचान भन्दै एकोहोरो दगुरिरहेका छन्, कि त पहिचान भन्ने बित्तिकै आकाशै खस्ला जस्तो गरेर विरोध गरिरहेका छन्। यस्ता दुवै अतिवादी भाष्यहरू संघीयता र पहिचानजस्ता गणतान्त्रिक नेपालको अग्रगामी एजेण्डा व्यवस्थापन गर्ने सही अस्त्र हुन सक्दैन।

जनताका हरेक अग्रगामी मुद्दाको संस्थागत विकास गर्न सबै राजनैतिक पार्टीहरूको समान धारणा हुँदैन। वर्ग समाजमा यस्तो सम्भावना पनि रहँदैन। पश्चगामी र यथास्थितिवादी पार्टीहरू जनताका परिवर्तनकारी राजनैतिक एजेण्डासँग सहमत हुन सक्दैनन्। सहमत भएपनि त्यो केवल चुनावी भोट व्ल्याकमेलिङ गर्ने रणनीतिक स्वार्थमा मात्र परिलक्षित हुन्छ। उनीहरू समाजलाई परम्परा र यथास्थितिको दुष्चक्रमा फनफनी घुम्न र घुमाउन चाहन्छन्।

खास गरी अग्रगामी विचार बोकेको पार्टीले मात्र यस्ता मुद्दा सम्बोधन गर्ने हैसियत राख्दछ। न्यूनतम रूपमा यो वस्तुगत सच्चाई तपाईं हामी सबैले बुझ्न वा मर्मबोध गर्न अनिवार्य हुन्छ। यति न्यूनतम राजनैतिक सचेतनापछि मात्र हामीलाई कुन राजनैतिक पार्टी कुन कुन एजेण्डामा कति प्रतिबद्ध छ भन्ने प्रष्ट हुन्छ। को गलत र को सही छुट्याउने क्षमता पैदा हुन्छ। तब मात्र सबैखाले आन्दोलनको रणनीतिक खाका र भाका मिल्न पुग्दछ।

उत्पीडित समुदायको विरुद्धमा वकालत गर्ने पार्टीलाई जनताबीच नङ्ग्याउनु पर्दछ। यता अज्ञानता, भ्रमवश वा भुलभुलैयामा पहिचान विरोधी पार्टीमा लागेका पहिचान पक्षधर साथीहरूको हकमा पनि कि त माउ पार्टीमा पहिचानको पक्षमा दबाबजन्य वकालत र बहस सिर्जना गराउन सक्नु पर्दछ, कि त पार्टी परित्याग गरेर एजेन्डाको राजनीतिमा समाहित हुने वस्तुगत धरातल बनाउनु पर्दछ।

यसले सबै उत्पीडित वर्ग तथा जातिहरू पहिचानवादी पार्टीलाई समर्थन र सहयोग गर्दै आन्दोलनमा संगठित र गोलबन्द हुनुपर्ने मूल्यवोध गराउँदछ। तब मात्र आन्दोलन वा संघर्ष जस्तोसुकै परिस्थितिमा पनि अघि बढिरहने वस्तुगत अवस्था पैदा हुन्छ, जसले आन्दोलनलाई सफल बनाउँछ।

### *जातीय संगठन/मोर्चामा राजनैतिक स्पष्टताको खाँचो*

नेपालको अधिकांश जातीय मोर्चा वा संगठनहरु भावनात्मक रूपमा पहिचानको पक्षमा छन् भने राजनैतिक दृष्टिकोणीय रूपमा गैरपहिचानवादी पार्टीहरूको सैद्धान्तिक लगाममा बाँधिएका छन्। पहिचानको आन्दोलन निर्णायक नहुनु पछाडिको मूलभूत कारण यही हो।

उनीहरू हाम्रो समुदाय, थातथलो, जाति, धर्म संस्कृति भन्दा तरङ्गित र उद्वेलित हुन्छन्। तर यी विषयलाई दिशानिर्देश गर्ने राजनीतिमा भने सबै स्पष्ट छैनन्। अर्थात् उनीहरूमा अन्तर्निहित राजनैतिक अल्पज्ञानकै कारण पहिचान पक्षधर नितान्त कमजोर छन् भने पहिचान विरोधीहरू अनपेक्षित रूपमा हाबी भइरहेका छन्। यसले पहिचान एकादेशको दन्त्यकथा जस्तो हुन पुगेको छ।

अहिले आन्दोलनमा सबै जातीय मोर्चा र संगठनहरु होमिएका छन्। यो सुखद र गर्विलो पक्ष हो। तर उनीहरू आबद्ध राजनैतिक पार्टीहरू सबै पहिचानको पक्षमा छैनन्। उदाहरणको लागि गैर-पहिचानधारी पार्टीहरूका समर्थक र शुभचिन्तकहरू जातीय मोर्चा र संगठनहरुमा वढी क्रियाशील छन्। उनीहरूको भावना र राजनैतिक दृष्टिकोणबीच आकाश-धरती अन्तर्विरोध देखिन्छ।

यही अन्तर्विरोध वा बेमेलकै कारण पहिचान लगायतका अग्रगामी एजेण्डा निर्णायक हुन सकेको छैन। यो वास्तविकतालाई अझै नजरअन्दाज गर्ने हो भने पहिचानको राजनीति दशकौंपछि धकेलिने निश्चित छ। केवल भावनामा निर्देशित आन्दोलन खास जटिल मोडमा पुगेको वेला राजनैतिक विचारको लगामसँगै दायाँ-बायाँ हुने खतरा प्रबल हुन्छ।

यसकारण पहिचानको आन्दोलनलाई निर्णायक उचाइमा पुऱ्याउने हो भने जातीय संघ-संस्थाहरुमा न्यूनतम रूपमा आधारभूत राजनैतिक स्पष्टता अनिवार्य शर्त हुन्छ। अन्यथा यो औपचारिकता, हल्लाखल्ला र माहौल निर्माणमै मात्र सीमित हुनेछ। समस्याको समाधान र परिणामलाई नियाल्दा यसको कुनै अर्थ र औचित्य हुँदैन।

### *पहिचानमा मात्र सीमित गरिनु हुँदैन आन्दोलन*

निरपेक्ष पहिचानमा मात्र सीमित आन्दोलनले समाजको समष्टिगत आयामलाई समेट्न सक्दैन। समाजका सम्पूर्ण आयामलाई नसमेट्नु भनेको आन्दोलन प्रभावकारी नहुनु हो। यसो हुनु भनेको यथास्थितिलाई कायम राख्नु हो। यथास्थितिलाई कायम राखेर समस्याको समाधान हुँदैन।

वस्तुतः पहिचान भावनाको मात्र सवाल होइन। यो त उत्पीडित वर्ग तथा जातीहरूको लागि सबैखाले अधिकारको प्रस्थानविन्दु हो। यसकारण यस्ता आन्दोलनको दायरा अझ फराकिलो र व्यापक बनाउनु पहिलो शर्त हुन्छ। सीमित आन्दोलन सहज त हुन्छ तर परिणाममुखी हुँदैन। यसकारण पहिचानको आन्दोलनलाई प्रदेशको नामाङ्कन गर्ने सीमित अर्थमा मात्र कैद गर्नु हुँदैन। यसलाई तमाम वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय लगायतका सबैखाले उत्पीडन र अन्तर्विरोधहरुको समाधान गर्ने व्यापक अर्थमा ग्रहण गर्नुपर्दछ।

अर्थात् उत्पीडित वर्ग तथा जातिहरूको साङ्गो-पाङ्गो उन्मुक्तिसँग यसलाई जोड्नु पर्दछ। तब मात्र आन्दोलनको ज्वारभाटा सबै सामाजिक आयाममा उठ्नेछ, जसलाई कुनैपनि शासकहरुको तागतले थेग्नेवाला छैन। होइन भने हाम्रो माग र आन्दोलन जायज हुँदाहुँदै पनि साम्प्रदायिक विल्ला लगाएर बीचैमा तुहाउने खतरा जीवितै रहन्छ। दशकौंसम्म आन्दोलन अनिर्णीत रहनेछ अनि पछाडि धकेलिनेछ, जसले उत्पीडकलाई भन्दा उत्पीडितहरूलाई धेरै घाटा हुनेछ। अर्थात्

*बाँकी पृष्ठ ३ मा*

# इम्बोस्डमा प्रदेशको नाम नेपालीमै लेख्ने तयारी, अरु विवरण अंग्रेजीमै

**काठमाडौं, २३ चैत ।** सरकारको योजना पुरा भए अब सवारी साधनको इम्बोस्ड नम्बर प्लेटमा देवनागरि लिपि देखिने छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची-२ मा हेरफेर गर्दै इम्बोस्ड नम्बर प्लेटमा अग्रेजी वा देवनागरि अंक/अक्षर वा दुवै लेख्न सकिने व्यवस्था गरेको छ ।

अहिलेसम्म इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी र अंक मात्रै लेख्न सकिने व्यवस्था थियो । नयाँ व्यवस्था गरेरै प्लेटमा देवनागरि लिपीमा लेख्न लागिएको हो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक अधिकारीका अनुसार अब प्रदेशको नाम प्लेटमा इम्बोस्ड नगरी (अक्षर नउठाई) लेखिनेछ । 'यसका लागि धैरै चरणमा ठेकेदार कम्पनी टाइगर डेकाटुर आईटीसँग छलफल भएको छ र स्टिकरमा प्रदेशको नाम राखेर प्लेट बनाउन सकिने निष्कर्षमा पुगेका छौं,' उनले भने,'पूर्वयोजनाअनुसार भए अब कोशी, मधेश, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम भने प्लेटमा नेपालमा लेखिनेछ । तर, अब प्लेटमा प्रदेशका नामबाहेक अरु अंग्रेजीमै हुने छन् ।'

यसले प्लेटमा नेपाली भाषा पनि देखिने र नेपालको झण्डा पनि देखिने भन्दै यो देशका लागि गौरवको विषय हुने उनको दाबी छ । 'संशोधनअनुसार इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषाको प्रतिनिधित्व पनि हुनेछ,' ती अधिकारीले भने, 'प्लेटमा नेपालको झण्डा पनि भएकाले इम्बोस्ड प्लेट संसारकै भिन्न देखिन्छ ।'

भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्मा अंग्रेजी र नेपाली वा दुवै भाषामा प्लेटमा अंक र अक्षर लेख्न सकिने गरी संशोधन भएको भन्दै यसअनुसार प्लेट बनाउन सकिने अवस्था आएको बताउँछन् । 'हाम्रो आवश्यकतालाई हेरेर प्लेट दुवै भाषाम पनि लेख्न सक्छौं,' उनले भने, 'के गर्ने भनेर छलफलमा नै छौं ।' यसअघि उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्हाल्दा इम्बोस्ड नम्बर प्लेट देवनागरी लिपिमा पनि लेख्ने व्यवस्था गर्ने बताउँदै आएका थिए । उनले प्रधानमन्त्रीसँग छलफल गरेर नै ऐनको अनुसूची संशोधन प्रस्ताव मन्त्रिपरिषद्रुमा लगेका थिए ।

प्रधानमन्त्री पनि प्लेटमा नेपाली भाषा राख्न सहमत भएकाले मन्त्रिपरिषदले सहजै यो व्यवस्था स्वकृत गरेको छ । यातायात व्यवस्था विभागका प्रवक्ता इश्वरीदत्त पनेरु मन्त्रिपरिषदको निर्णय राजपत्रमा प्रकाशित भएपछि प्लेटमा के परिवर्तन गर्ने वा नगर्ने भन्नेबारे छलफल हुने बताउँछन् । 'हामीले ठेकेदार कम्पनीलाई प्लेटमा नेपाली भाषा राख्न सकिने/नसकिने अवस्थाबारे जानकारी मागेका छौं,'उनले भने, 'राजपत्रमा अनुसूची संशोधनको सूचना आएपछि नेपालीमा लेख्दा लागत बढ्ने वा नबढ्ने भन्नेबारे पनि छलफल हुन्छ ।'

कानुनी आधारविना नै नेपालीमा लेख्नेबारे जवाफ दिन ठेकदारलाई पनि असहज भएको भन्दै उनले कानुनी अड्चन फुकेपछि प्रक्रियागत रुपमा यसमा के गर्न सकिन्छ भनेर गृहकार्य र छलफलहरु हुने उनको भनाइ छ । ठेकेदार कम्पनी डेकाटुर आईटी ठेक्काको मूल्य बढाएमा नेपाली भाषा राखेर प्लेट दिन तयार छ । आर्थिक समस्या झेलिरहेको सरकार थप लागत ब्यहोरेर नेपाली भाषा राख्ने पक्षमा छैन ।

कम्पनीले अनौपचारिक सम्वादहरुमा इम्बोस्ड प्लेट नेपाली भाषामा लेख्न थप ६० लाख डलर अर्थात् करिब ७९ करोडभन्दा बढी खर्च लाग्ने बताउँदै आएको छ । तर, प्रदेशको नाम स्टिकरमै उल्लेख गरेर लेख्न सरकारले दिएका विकल्पमा कम्पनीले सहमति जनाउँदै अहिलेको ठेक्का मूल्यमा थोरै मात्र लागत थपिने बताएको मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

त्यसैकारण सरकार पनि पुरै प्लेट नेपालीमा नलेख्ने र प्रदेशको नाम इम्बोस्ड नगरी प्लेटमै प्रिन्ट गर्ने विकल्पमा सरकार जान लागेको छ । तर, यसअघि जडान भएका अंग्रेजी भाषा उल्लेखित प्लेट के गर्नेभन्नेबारे सरकार अन्योलमै छ । अहिलेसम्म सरकारले करिब ३ लाख सवारीमा इम्बोस्ड प्लेट जडान गरिसकेको छ । विभागका प्रवक्ता पनेरु सरकारको गर्ने निर्णय र कानुनका आधारमा इम्बोस्ड जडान कार्य अघि बढ्ने बताउँछन् ।

टाइगर डेकाटुरसँगको ठेक्का सम्झौताअनुसार २५ लाख सवारीमा इम्बोस्ड प्लेट जडान हुनेछ । ५ भदौ २०७४ मा काठमाडौंबाट इम्बोस्ड प्लेट जडान सुरु भएको थियो । तर, सुरुमै प्रदेशको नामाकरण नहुँदै जोडिएको प्लेट भविष्यमा बेकाम हुने भन्दै विवाद भएको थियो । सुरुमा प्लेटको वितरण संविधानतः खारेज भएका अञ्चल ९बाग्मती० का नाममा गरिएको थियो ।

विरोध भएपछि प्रदेशको नम्बर (स्टेट-३) उल्लेख गरेर वितरण सुरु भएको थियो । तर, यसपछि प्लेटमा नेपाली भाषाको अंक र अक्षर प्रयोग हुनुपर्ने माग भयो । तर, सरकारले अटेरी गरेपछि विवाद सर्वोच्च अदालतमा पुग्यो । अधिवक्ताद्वय भरतकुमार बस्नेत र राजन बुर्लाकोटी सर्वोच्चमा रिट लिएर पुगेपछि तत्कालीन सरकारले कानुनी प्रतिरक्षामा गऱ्यो । तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको एकल इजलासले १० फागुन २०७४ मा सवारी साधानमा तत्काल इम्बोस्ड नम्बर प्रयोग नगर्न अन्तरिम आदेश दिएर जडान रोक्यो । २७ मंसिर २०७६ मा पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासहितको पाँच न्यायाधीशको संवैधानिक इजलासले उक्त रिट खारेज गरिदिएपछि यातायात व्यवस्था विभागले १ साउन २०७७ देखि बागमती प्रदेशमा स्वेच्छिक रुपमा इम्बोस्ड नम्बर प्लेटको वितरण थालेको थियो ।




भदौ २०७७ मा नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालीन कुलपति गंगाप्रसाद उप्रेतीले ध्यानाकर्षण गराएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले भाषाको बारेमा चासो देखाउँदै प्लेट वितरण रोक्न निर्देशन दिएका थिए ।

सरकारी अधिकारीले प्रविधियुक्त 'आरएफआईडी गेट'ले देवनागरी लिपी 'रिड' गर्न नसक्ने भन्दै सर्वोच्चबाट भएको फैसलाको ब्रिफिङ गरेपछि ओली पनि निर्णयमा टिक्न सकेनन् । र, फागुन २०७८ देखि फेरि विभागले इम्बोस्ड प्लेट वितरण थाल्यो । तर, भाषा विवाद कायमै रहेपछि वर्तमान यसअघिका भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राईले यसबारे पुनर्विचार गर्ने निर्णय गरेका थिए । यसबारे अध्ययन गर्न बनेको कार्यदलले प्लेट नेपाली भाषामा लेख्न सकिने विभिनन विकल्प दिएर प्रतिवेदन दिएको थियो ।

त्यसकै आधारमा यातायात व्यवस्था ऐनमा रहेको इम्बोस्ड प्लेटको मापदण्ड र डिजाइन सच्याउने गरी कानुन मन्त्रालयसँग यातायात मन्त्रालयले राय मागेको थियो । तर, ऐन नै संशोधन गर्नुपर्ने भएपछि मन्त्री राई पछि हटेका थिए । यसपछि यातायात मन्त्री भएका नारायणकाजी श्रेष्ठले परेमा ऐन नै संशोधन गर्ने भन्दै थप लागत नपर्ने गरी नेपाली भाषा कायम गर्ने अडान लिएका थिए ।

राजपत्रमा सूचना निकालेर इम्बोस्ड नम्बर प्लेट अनिवार्य हुने व्यवस्था गरिएपनि उपभोक्ताले सरकारी कदमको विरोध गर्दै आएका छन् । त्यसैले सरकारले यसको शुल्क पनि घटाउन अध्ययन गरिरहेकेको यातायात मन्त्रालयका अधिकारीहरु बताउँछन् । यसैकारण इम्बोस्डमा अलमल सकिएको छैन । अहिलेको ठेक्का सम्झौताअनुसार २०८० असार मसान्तसम्म करिब बाँकी २२ लाख वटा इम्बोस्ड प्लेट छापिसक्नु पर्ने अवस्था समेत छ ।

*(अनलाइनखबर)*

# यसरी...

पहिचानवादीहरू माथिको अन्याय जीवितै रहनेछ ।

***चुनावी आन्दोलन***

माथि उल्लेखित विधिहरूको अलावा वैधानिक विधिबाट पनि पहिचान स्थापित गर्न सकिन्छ । यो झनै सजिलो र सरल विधि हो । तर यसको लागि विगतका आवधिक चुनावहरू सहयोगी हुन सकेन । पहिचान विना बाँच्नै नसक्ने जाति र समुदायले पनि गैरपहिचानवादी पार्टीहरूलाई आँखा चिम्लेर जिताइदिए । आज तपाईं हामीले यसैको दुष्परिणाम भागिरहेका छौँ ।

यसकारण यदि हामीलाई साँच्चै पहिचान चाहिएकै हो भने आउँदो आवधिक चुनावमा पहिचानवादी राजनैतिक पार्टीलाई जिताएर कोशीलाई उल्टाएर किरात नामकरण गरौँ । चुनावलाई पनि एउटा विशिष्ट पहिचानवादी आन्दोलनको रूपमा ग्रहण गरौँ । तब कसले भन्न सक्छ पहिचान सुनिश्चित हुँदैन भनेर ।

***अन्तमा***

तसर्थ पहिचानको नाममा निरपेक्ष भावनामा धेरै तरङ्गित नहोऔँ । आन्दोलनलाई राजनैतिक विचार र दृष्टिकोणको कमाण्डमा राखौँ । राजनैतिक पार्टीहरूको आधारभूत एजेण्डा पहिचान गरौँ । पहिचान र गैर-पहिचानधारी पार्टीहरूलाई राम्रोसँग चिनौँ । हरेक जातीय तथा सामाजिक संघ-संस्थाहरु अमूर्त भावना र हल्लाखल्लाको पछिपछि भन्दा पनि राजनैतिक दृष्टिकोणमा स्पष्ट वनौं । समर्थन र विरोध पनि राजनैतिक एजेण्डामा अन्तर्निहित सही र गलत अन्तर्वस्तुको आधारमा गरौँ । आन्दोलनलाई पहिचानमा मात्र नभएर समग्र अर्थराजनीतिक आन्दोलनको व्यापक दायरामा विस्तार गरौँ ।

अनि विगतको गलत अनुभवबाट गम्भीर शिक्षा लिएर आगामी चुनावलाई पहिचानजन्य आन्दोलनको विशिष्ट रुप भनेर आत्मसात गरौँ । सही वा अग्रगामी राजनैतिक विचार र भावनालाई समायोजन गरौँ । पहिचानविरोधी दलीय पर्खालहरू तोडौँ । पहिचानजन्य पिलर निर्माण गरौँ । चुनावको दिन भोट एकातिर आन्दोलन अर्कोतिर नगरौँ । यस्तो दहीचिउरे रवैयाले उन्मुक्ति कहिल्यै सम्भव हुँदैन । अनि मात्र आन्दोलन गन्तव्यमा पुग्नेछ, तपाईं हामी उन्मुक्त हुनेछौँ । जहाँ संघर्षबाटै पहिचान लगायतका सम्पूर्ण आधारभूत राजनैतिक अधिकारहरू सुनिश्चित हुनेछ । कामना गरौँ, आन्दोलनरत सबैमा यही आधारभूत चेत खुलोस् !

*(अनलाइनखबर)*







## र्‍यापिड युनिक नेटवर्क प्रा.लि.

WiFi

व्यास-३, दमौली, तनहुँ
फोनः ०६५-५६५६२२, ५६५४२४

सरर....... चल्ने र सस्तो र सही समयमा सेवा प्रदायक **WiFi**

**Internet**

| Mbps | वार्षिक | अर्धवार्षिक | मासिक |
|---|---|---|---|
| 10 | 10000 | 5000 | 1000 |
| 20 | 12500 | 6250 | 1250 |
| 30 | 18500 | 9250 | 1850 |

- जडान चार्ज निशुल्क ।
- प्रयोग हुने सामान सवै कम्पनीको रहनेछ ।
- प्रत्येक mbps को मासिक दरमा जडान हुनेछ ।

**IPTV** समेत जडान गर्नुपर्ने भएमा निम्न नम्बरहरुमा सम्पर्क गर्नुहोला ।
- प्रधान कार्यालय, दमौली ९८०१५५८६४५, ९८०१५५८६६०, ९८०१५५८६३०,
- डुम्रे ९८०१५५८६६२,
- आँबुखैरेनी ९८०१५५८६१६,
- भोर्लेटार ९८०१३२०४१३
- खैरेनीटार ९८०१३२०४१४

मात्र रु. १०००।- मा जडान

तनहुँ उद्घोष
राष्ट्रिय दैनिक
तनहुँ.जिल्ला.प्रशासन.कार्यालय. दर्ता नं.: १९/०६५/०६६
तनहुँ.जिल्ला हुलाक कार्यालय दर्ता नं.: १०/०७९/०८०


# उपचुनाव हुने तीन जिल्लामा आजदेखि निर्वाचन आचारसंहिता लागू हुने

**काठमाडौं, २३ चैत ।** उपनिर्वाचन हुने तीन जिल्लामा भोलि शुक्रबारदेखि निर्वाचन आचारसंहिता लागू हुने भएको छ।

निर्वाचन आयोगले चितवन, बारा र तनहुँमा मन्त्रीहरु, संवैधानिक निकायका पदाधिकारी, स्थानीय कार्यपालिकाका सदस्यलगायतका लागि निर्वाचन आचारसंहिता लागू गर्ने निर्णय गरेको हो । चितवन क्षेत्र नम्बर २, बारा -२ र तनहुँ- १ मा १० वैशाखमा उपचुनाव हुँदैछ। *(अनलाइनखबर)*




# बजेट बनाउँदा गुणात्मक ढंगले फड्को हान्नुपर्नेछ : प्रचण्ड

**काठमाडौं, २३ चैत ।** प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी वर्षको बजेट गुणात्मक ढंगले फड्को हान्ने गरी बनाउने बताएका छन् । बजेट परम्परागत ढंगले बनाएमा जनताको अपेक्षा सम्बोधन गर्न नसक्ने उनको भनाइ छ ।

बिहीबार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै उनले कनिका छरेजस्तो बजेटले कुनै उपलब्धी नदिने बताएका हुन् । 'बजेटमा सबैतिर कनिका छरे जस्तो गरेर छर्ने भन्दापनि यो वर्ष बजेट तथा नीति कार्यक्रम बनाउँदा सरकारले गुणात्मक ढङ्गले परिणाममुखी हुने गरी फड्को हान्न जरुरी छ । आगामी बजेटको निरन्तरता, परम्परागत ढङ्गमा गयौं भने सरकारले जनताको अपेक्षा र असन्तुष्टिहरुलाई सम्बोधन गर्न सक्दैनौं' उनले भने । प्रधानमन्त्री प्रचण्डले खर्चमा मितव्ययिता अपनाउने र स्रोत परिचालनमा मेहनत गर्ने पनि बताएका छन् । *(अनलाइनखबर)*



ताजा सुचना र समाचारका लागि
udghoshnews.com
सम्पर्कः ९८४६१२०३३५

## व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय दमौली, तनहुँ

नगर लोककल्याणकारी सन्देश

## व्यक्तिगत घटना दर्ता




जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटना
३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तव्य निभाऔं ।

## Aanbookhaireni Rural Municipality

Office of Rural Municipal Executive

Aanbookhaireni-3, Tanahun

## Invitation for Sealed Quotation for the procurement of Smart TV

**Invitation for Bids**
**First date of Publication: April 7, 2023 A.D.**
**Contract ID:AKRM/EPW/GOODS/25/079/80**

1. The Aanbookhaireni Rural Municipality invites sealed quotations from registered Suppliers for procurement, supply, delivery of smart tv .
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3, Tanahun, 065-540699, www.aanbookhairenimun.gov.np,akruralmunicipality73@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3,Tanahun by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till [April 13, 2023 A.D.] during office hours or original voucher of Nrs. 1000.00 to deposited to AntarikRajaswoKhata of aanbookhaireni rural municipality office, account no. 0170061845400028
4. Sealed bids must be submitted to the office Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3, Tanahun by hand on or before [12:00 Noon] on April 27, 2023 A.D]. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [April 27, 2023 A.D and 2:00 PM at the office of Aanbookhaireni Rural Municipality Office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs.42,000.0which shall be valid for 75 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.0170061845400101, Account Name AanbookhaireniGaupalika at Machchapuchre Bank Ltd., Aanbookhaireni Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.




तनहुँ उद्घोष दैनिककालागि प्रकाशक तथा कार्यकारी सम्पादकः उज्वल पौडेल **सम्पादकः** इश्वरी प्रसाद ढकाल, **ब्यवस्थापकः** सुर्यभक्त पौडेल, कार्यालय : व्यास नपा-२ अनशन चौतारी अगाडी दमौली, सम्पर्क : ९८४६१२०३३५ E-mail- udghoshdaily@gmail.com मुद्रण : विज्ञान पिर्न्टस, दमौली,